**मिति २०७६ माघ २९ गते बसेको ५४ औं कार्यपालिकाको बैठकमा पेश भएका प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्तावहरुः**

१. "घ" वर्गको निर्माण व्यवसाय ईजाजत पत्र दस्तुर संशोधन सम्बन्धमा ।
२. "घ" वर्गको परिच्छेद-२ को दफा (२) संशोधन गर्ने सम्बन्धमा ।
३. "घ" वर्गको निर्माण व्यवसाय ईजाजत पत्र दिने सम्बन्धमा ।
४. घरभाडा सम्बन्धमा ।
५. नगरपालिका हल भाडा सम्बन्धमा ।
६. विद्यालय भवन निर्माणका लागि भारतीय दुतावासमा सिफारिस गर्ने सम्बन्धमा ।
७. आधारभूत तह (कक्षा ८) को अन्तिम परीक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि २०७४ संसोधन सम्बन्धमा ।
८. IEE प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।
९. तटबन्धन सम्बन्धमा ।
१०. खानेपानी सम्बन्धमा ।
११. प्रदेशको विशेष अनुदानका लागि सिफारिस गर्ने सम्बन्धमा ।
१२. सडक सम्बन्धमा ।
१३. थप कक्षा सञ्चालन अनुमती दिने सम्बन्धमा ।
१४. राष्ट्रिय योजना आयोगमा भवन निर्माण र खानेपानीको लागि अनुदान माग गर्ने सम्बन्धमा ।
१५. ढल निकास बजेट सम्बन्धमा ।

**निर्णयहरू :**

**निर्णय नं.१ :** यस गोदावरी नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसाय ईजाजत पत्र कार्यविधिको तपशिल बमोजिम दस्तुर संसोधन गरी कायम गर्ने निर्णय गरियो ।

**तपशिल :**

क) नया ईजाजत पत्र दस्तुर रु. ७,०००/-
ख) नया ईजाजत पत्र नविकरण रु. रु. ४,०००/-

**निर्णय नं.२ :** यस गोदावरी नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसाय ईजाजत पत्र कार्यविधि को परिच्छेद २ को दफा (२) तपशिल बमोजिम संसोधन गरी कायम गर्ने निर्णय गरियो ।

**तपशिल :**

| | | |
|---|---|---|
| प्रमुख प्रशासकिय अधिकृत | - | संयोजक |
| पूर्वाधार विकास शाखा प्रमुख | - | सदस्य |
| प्रशासन शाखा प्रमुख | - | सदस्य सचिव |

**निर्णय नं.३ :** यस गोदावरी नगरपालिका वडा नं ६ मा रहेको पूर्णिमा एण्ड खड्का निर्माण सेवा प्रा.लि.लाई जाँचबुझ समितिको सिफारिस अनुसार "घ" वर्गको निर्माण व्यवसाय ईजाजत पत्र दिने निर्णय गरियो ।

**निर्णय नं.४ :** यस गोदावरी नगरपालिका कार्यालय र अर्न्तगतका वडा कार्यालयले वहालमा लिएका भवनहरुको दुई वर्ष भन्दा माथि भएका वहालमा रहेका घरहरुको नियमानुसार घरभाडा वृद्धी गर्ने निर्णय गरियो ।

**निर्णय नं.५ :** यस गोदावरी नगरपालिका कार्यालयमा रहेको हल वाह्य संघ, संस्थाहरुले प्रयोग गर्दा प्रति दिन हल भाडा रु. २,०००/- (रु. दुई हजार) कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं.६ :** यस गोदावरी नगरपालिका अर्न्तगत वडा नं. ४ मा रहेको दुर्गा मा.वि. हाटखोली र गो.न.पा. वडा नं ११ मा रहेको सरस्वती सेकेण्डरी स्कूल, ओलानीलाई भवन निर्माणका लागि २०% समपूरक रकम राख्ने गरी नेपाल स्थित भारतीय राजदुतावासमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.७ :** यस गोदावरी नगरपालिकाबाट जारी भएको आधारभूत तह (कक्षा ८) को अन्तिम परीक्षा सञ्चालन, व्यवस्थापन तथा नियमन कार्यविधि २०७४ लाई तपशिल बमोजिम संसोधन गरी कायम गर्ने निर्णय गरियो ।

**तपशिल :**

१. दफा ३ (ग) शाखा भन्नाले नगरपालिका शिक्षा, युवा, खेलकुद शाखा सम्झनुपर्दछ ।

२. दफा ३ (घ) शाखा प्रमुख भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनुपर्दछ ।

३. दफा ३ (घ१) शाखा अधिकृत भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा हेर्ने अधिकृत कर्मचारी सम्झनुपर्छ ।

४.दफा ३(ठ) झिकिएको ।

५. दफा ३ (ड) झिकिएको ।

६. दफा ४ (१(क)) शाखा प्रमुख - अध्यक्ष ।

७. दफा  ४ (१(ग)) झिकिएको ।

८. दफा ४ (१(घ)) शाखा अधिकृत - सदस्य सचिव

९. नोट झिकिएको ।

१०. दफा ४ (१(क)) नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई परीक्षा समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

११. दफा ६ (क) प्रश्नपत्र निर्माण, प्रश्नपत्र मोडरेशन गर्ने कामका लागि शाखाले नगरपालिका भित्रका सम्बन्धित विषयका आवश्यक संख्यामा दक्ष विज्ञहरुको नाम समावेश भएको सूची तयार गरी राख्ने र समय समयमा अध्यावधिक गरी राख्नु पर्नेछ ।

**निर्णय नं.८ :** यस गोदावरी नगरपालिका क्षेत्र भित्र रहेको खुटिया, खैराना, गोदावरी  नदीको IEE प्रतिवेदन तयार गर्न रकम रु. १२,००,०००/- (रु. बाह्र लाख) विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ :** यस गोदावरी नगरपालिकाका तपशिल बमोजिमका स्थानहरुमा तटबन्धको रकम विनियोजन गर्ने निर्णय गरियो ।

**तपशिल :**

| **क्र.सं.** | **स्थान** | **रकम (रु.)** |
|---|---|---|
| १ | टुडेला खोला | ३०००००० |
| २ | वडा नं. ११ मा | १०००००० |
| ३ | बाँकी वडाहरुमा प्रति वडा ३,५०,०००/-का दरले बाँडफाँड गर्ने । | ३५००००० |
| | **जम्मा** | **७५०००००/-** |

**निर्णय नं.१० :** यस गोदावरी नगरपालिकाका तपशिल बमोजिमका स्थानहरुमा झोलुङ्ग पुल तथा मर्मत सम्भार शिर्षकबाट खानेपानीको रकम विनियोजन गर्ने निर्णय गरियो ।

**तपशिल :**

| क्र.सं. | स्थान | रकम (रु.) |
|---|---|---|
| १ | कुमिभ्काल खानेपानी | ५०००० |
| २ | गोदावरी खानेपानी वडा नं. १, २ र ३ उ.स. | १००००० |
| ३ | खम्ब बुढाको टोलमा खानेपानी जेनेरेटर | १००००० |
| ४ | समैजी बास्कोटा खानेपानी | १२००००० |
| ५ | वडा नं. ११ खानेपानीको ट्रान्सफर्मर सार्नका लागि हर्क कडायत घर नजिक | १००००० |
| ६ | हरिनगर खानेपानी वडा नं. ८ | ५००००० |
| ७ | गेटा खानेपानी वडा नं. ५ | १०००००० |
| ८ | रोटरी क्लव वडा नं. ११ र १२ | १०००००० |
| ९ | मालाखेती खानेपानी ओभरहेड टंकी | २५००००० |
| १० | चाक्ले खोलामा गोपाल भट्टराईको घर नजिक समरसेवल पम्प खानेपानी | ४००००० |
| ११ | वडा नं. १ बन्दरी टोल चैतन्यपुरमा रकम थप | ४०००० |
| १२ | वडा नं. ८ समैजी खानेपानी उ.स. | १२००००० |
| १३ | वडा नं. १२ शारदा बस्तीमा | ५००००० |
| १४ | वडा नं. १२ न्वाला सल्ली | २००००० |
| | **जम्मा** | **१११४००००** |

**निर्णय नं.११ :** यस गोदावरी नगरपालिका वडा नं २ मा रहेको वनदेवी युवा क्लवको खेलमैदान निर्माणका लागि प्रदेशबाट विशेष अनुदान रकमका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२ :** यस गोदावरी नगरपालिका वडा नं १२ मा रहेको चाप देखि नायल जाने बाटो मर्मतका लागि रकम रु. ५,००,०००/- र वडा नं. ४ बास्कोटा/वेलपानी सडकमा रकम रु. ४,००,०००/- विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३ :** यस गोदावरी नगरपालिका वडा नं ४ स्थित गुरुकुल विद्यालयलाई कक्षा ४ सञ्चालनका लागि अनुमती दिने निर्णय गरियो ।

**निर्णय नं.१४ :** यस गोदावरी नगरपालिका अर्न्तगत रहेका तपशिलका विद्यालय, शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण र खानेपानीका लागि राष्ट्रिय योजना आयोगमा समपूरक अनुदानका लागि सिफारिस गरि पठाउने निर्णय गरियो ।

**तपशिल :**

| क्र.सं. | योजनाको नाम | वडा नं. |
|---|---|---|
| **भवन निर्माण तर्फ** | | |
| १ | घण्टेश्वर मा.वि. | १ |

| | | |
|---|---|---|
| २ | गुह्येश्वरी मा.वि. | १ |
| ३ | जनप्रभात मा.वि. | १२ |
| ४ | चापसल्ली शहरी स्वास्थ्य केन्द्र | १२ |
| ५ | फुलबस्ती शहरी स्वास्थ्य केन्द्र | ४ |
| ६ | हाटखोली शहरी स्वास्थ्य केन्द्र | ४ |
| **खानेपानी तर्फ** | | |
| १ | वडा नं. ९ शेहरी मुरकट्टीमा | ९ |
| २ | चौकीडाँडा | ३ |

**निर्णय नं.१५ :** यस गोदावरी नगरपालिका अर्न्तगत विभिन्न वडाका ढल निकास तर्फ मिति २०७६ पौष १३ गतेको कार्यपालिका बैठकको निर्णयबाट छनौट भएको योजना मध्ये देहायका योजनाहरुमा ल.ई. बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।

**देहाय**

| वडा नं. | स्थान | रकम |
|---|---|---|
| १ | वरपिपल दुरसञ्चार गल्ली | २५००००० |
| १ | आरती टोल बाटो | |
| १ | सृजनशिल युवा क्लव बाटो | ५५००००० |
| २ | वनखेत पार्टी कार्यालय जाने बाटो | २०००००० |
| २ | दुर्गालक्ष्मी मा.वि जाने बाटो | |
| २ | गेरेपानी जोड्ने बाटो | २२००००० |
| २ | लिला सापकोटाको घर जाने बाटो | ३८००००० |
| ५ | सुदूरफुड देखि पूर्व ढल निकास | १०००००० |
| ५ | गेटा स्कुल जानेबाटो देखि अगाडी अधुरो ढल निकास | ५००००० |
| ६ | पूर्व पश्चिम राजमार्गबाट दाँया र बाँया | १०००००० |
| ११ र १२ | गौडी बजार क्षेत्र | १०००००० |

**निर्णय नं.१६ :** देहायका खरिद सम्झौता भएका योजनाहरुको देहाय बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

**क)** यस गोदावरी नगरपालिकाबाट ठेक्का नं. NCB/W/04/075/076 को वडा नं. ११ मा सपिङ्ग कम्पलेक्स, मल्टीप्रपोज हल र शौचालय भवन निर्माण कार्यका लागि मिति २०७५/११/०९ गतेमा यस कार्यालय र श्री निरज/एम.डि जे.भि. महेन्द्रनगर बिच भएको सम्झौता बमोजिम सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० को उपनियम ६ बमोजिम उक्त निर्माण कार्य योजनाको मिति २०७६/०९/१३ गते देखी २०७६/११/२८ गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**ख)** यस गोदावरी नगरपालिकाबाट ठेक्का नं. NCB/W/03/075/076 को वडा नं. ९ को वडा कार्यालय भवन निर्माण कार्यका लागि मिति २०७५/११/०९ गतेमा यस कार्यालय र श्री निरज/एम.डि जे.भि. महेन्द्रनगर बिच भएको सम्झौता बमोजिम सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० को उपनियम ६ बमोजिम उक्त निर्माण कार्य योजनाको मिति २०७६/०९/१२ गते देखी २०७७/०३/१२ गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**ग)** यस गोदावरी नगरपालिकाबाट ठेक्का नं. NCB/W/01/075/076 को वडा नं. ५ मा सपिङ्ग कम्प्लेक्स हल निर्माण कार्यका लागि मिति २०७५/१०/१७ गतेमा यस कार्यालय र श्री बिनोद कन्स्ट्रक्सन बिच भएको सम्झौता बमोजिम सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० को उपनियम ६ (ग) बमोजिम उक्त निर्माण कार्य योजनाको मिति २०७६/०९/२४ गते देखी २०७७/०३/१० गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।